# तपाईंको जानकारीको लागि

पाराट्रान्जिट भनेको घरको नजिकको दोबाटो सम्म पुग्ने सेवा हो । सुरक्षित भएमा अनुरोध अनुरुप घर सम्मै सेवा प्रदान गरिनेछ ।

WRTA ले "एक यात्राको दौरान साबिकका यात्रु र/वा हेरचाह गर्ने व्यक्ति/साथीले चालकको सहयोगबिना र एउटा भन्दा बढी सीट नओगट्ने गरी" बोक्ने सामानको हद तोकेको छ ।

यस नीतिलाई अनुसरण नगर्नाले तपाईंलाई सेवाबाट वञ्चित गरिन सक्छ ।

चालक तथा अन्य कर्मचारीले टिप्स/बक्सिस लिन मिल्दैन । तपाइले धन्यवाद दिन चाहेमा निम्नलिखित ठेगानामा पत्राचार गर्न सक्नुहुन्छ :

WRTA Administrator
Worcester Regional Transit Authority
60 Foster Street, 3rd Floor
Worcester, MA 01608
www.therta.com

**कहिल्यै पनि बसमा यात्रा गर्नुभएको छैन ?**

केहि समस्या छैन । हाम्रा यात्रा प्रशिक्षकसँग बसमा चढ्नुहोस र बस जता जान्छ त्यतै जानुहोस ।

**सम्पर्क: टेस नाम गरेको व्यक्तिलाई 508.453.3451 मा अथवा**

**इमेल: ttrainer@therta.com**

Worcester Regional Transit Authority

# पाराट्रान्जिट संबन्धी जानकारी

**www.wrtaparatransit.com**

**508-791-9782**

**Option 3**



## टिकट कहाँ किन्न सकिन्छ ?

WRTA Operations Center
287 Grove Street
Worcester, MA 01605
र
WRTA Customer Service Center
60 Foster Street
Worcester, MA 01608

**८० वटा टिकटको एक थानलाई $ १८**
**प्रत्येक टिकटको मूल्य $ ०.२५**
**पाराट्रान्जिट को टिकट अन्य बस सेवाका लागि प्रयोग गर्न सकिदैन ।**

**WRTA Customer Service Center**
60 Foster Street
Worcester, MA 01608
508.791.9782
खुल्ने समय

सोमवार – शुक्रबार बिहान ७: ०० देखि बेलुकी ७:००

शनिवार – विहान ९:०० बजेदेखि बेलुका ५:३० बजेसम्म

WRTA तपाईंको प्रतिक्रियाको स्वागत गर्दछ। तपाईंको प्रश्न, टिप्पणीहरू, उजुरी 508-791-9 7 8 9 मा वा www.therta.com/feedback/ मा सम्पर्क गर्नुहोस्

## पाराट्रान्जिट भनेको के हो ?

ADA Complementary पाराट्रान्जिट सेवा शारीरिक रुपमा अशक्त व्यक्तिहरुका लागि हो जसका कारण उनीहरु उपलब्ध बस गुड्ने नियमित रुट प्रयोग गर्न सक्दैनन । ADA सेवा लिनका लागी आफै उपस्थित भएर निवेदन दिनुपर्दछ र शारीरिक अशक्तता भएका अमेरीकी नागरिकसम्बन्धि ऐनको निर्देशिका अनुरुप योग्य हो कि हैन भनी निर्धारण हुनेछ । ADA सेवा प्राप्त गर्न निवेदन सम्बन्धी परामर्श भेटका लागि 508.752.9283 option one मा फोन सम्पर्क गर्नुहोस ।

ADA का यात्रुहरु Worcester भित्र तथा WRTA को शहरभन्दा बाहिरी भागको रुट वरपर ३/४ माइलसम्मको दूरी सम्म जहाँकहि पनि यात्रा गर्न सक्छन ।

**Worcester मा सेवा प्रदान गर्ने दिन र समय**

हप्तादिन 4:50 AM- 10:22 PM

शनिवार 5:50 AM-10: 35 PM

आइतवार 9:15 AM 7: 35 PM

यदि तपाइलाइ हेरचाह गर्ने व्यक्ति (पिसिए) भएको खण्डमा उक्त व्यक्तिले सित्तैमा यात्रा गर्दछन । तपाइले यात्रा गर्दा सहयात्री पनि ल्याउन पाउनुहुनेछ; तपाइका सहयात्रीले तपाइले जति पैसा तिर्नुभएको छ त्यत्ति नै पैसा तिर्नुपर्ने हुन्छ । सबै WRTA बसमा सेवादिने जनावार ल्याउने अनुमति दिइएको छ । सबै प्रकारका सुचनाहरु सजिलै बुझिने खाकामा र विभिन्न भाषाहरुमा उपलब्ध छ ।

## यात्रा कसरी तय गर्ने ?

यात्रा तय गर्नकालागि 508-752-9283 मा हप्ताको सातै दिन बिहान ८ बजे देखि ४:३० बजे सम्म सम्पर्क गर्न सकिनेछ । सम्पर्क गर्दा यात्रा गर्ने दिन भन्दा ७ दिन अघि देखि सम्पर्क गर्न सकिनेछ तर ढिलोमा १ दिन अघि ४:३० बजे सम्ममा फोन गरि तय गरिसक्नु पर्नेछ ।

## यात्रा तय गर्दा

फोन उठाउने व्यक्तिलाई आपनो नाम, तपाइलाई पिकअप गर्ने सही ठेगाना र तपाइ ओर्लने सही ठेगाना, तपाईको भेटघाटको समय र फर्कने समयबारे जानकारी, तपाइले हिड्डुल गर्न सहयोग गर्ने उपकरण, तपाइसँग पिसिए, सहयात्री वा कुनै सहयोगी जनावार साथमा रहनेछन कि भन्ने जानकारी दिनुहोस ।

## भाडा कति लाग्छ ?

$ 2.75 सहरमा - एउटा तरिका

$ 3.00 एक शहर टाढा - एउटा तरिका

$ 3.25 दुई सहर टाढा - एउटा तरिका

$ 3.50 तीन सहर टाढा - एउटा तरिका

ठीक भाडा ल्याउनुहोला । चालकहरुले खुद्रा पैसा बोकेका हुदैनन र तपाइको भाडा छामछुम गरेर खोजिदिन पनि पाउदैनन ।

## फोन आएन भने ?

CMTM Dispatch Office लाई 508.453.3423 मा बिहान ५:१५ देखि ८:०० बजेसम्म र दिउसो ४:३० बजेदेखि बेलुका ८:४५ बजेसम्म फोन गर्नुहोस ।

बिहान ८:०० देखि दिउसो ४:३० बजेसम्म PBSI Office 508.752.9283 मा फोन गर्नुहोस । .

निम्न लिखितको परिभाषा हाम्रो वेवसाइटमा प्राप्त गर्न सकिन्छ :

**खबर नगरी अनुपस्थित नहुनु होला**

**ठीक समयमा हुने यात्रा, ढिलो हुने यात्रा, छुटेका यात्रा, अनुपस्थित रहेको र ढिलो रद्द भएका यात्रा**

पिकअप गर्ने समयको २० मिनेटभित्र तथा तपाइको भेटघाट गर्ने समयलाइ ढिलो नहुने गरी आइपुगेको वाहनलाई ठीक समयमा आएको मानिनेछ । तपाइ २० मिनेटको दौरान गाडी देखिने सड्कको छेउ वा गाडी देखिने कुनै स्थानमा आइपुग्नु पर्नेछ । अर्को पिकअपको लागि प्रस्थान गर्नु अघि चालकले जम्मा ५ मिनेट कुर्नेछ ।